राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today National Daily

राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २०८ | २०८२ चैत्र २९ गते आईतवार | (Sunday, 12 April, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

## अख्तियारको आक्रामक रूप

# बालेन सरकारपछि धमाधम 'स्टिङ'

# ८ जना रंगेहात पक्राउ

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २८ गते ।*

बालेन शाह नेतृत्वको सरकार गठन भएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्टिङ अपरेसनको गति बढाएको छ। सेवाग्राहीले समेत धमाधम उजुरी गर्न थालेपछि अख्तियारले एकपछि अर्को स्टिङ गर्न थालेको हो।

गत चैत १३ गते बालेन शाहको नेतृत्वमा सरकार गठन भएयता अख्तियारको टोलीले हालसम्म ६ वटा स्टिङ अपरेसन गरी ८ जना कर्मचारीलाई पक्राउ गरिसकेको छ। यो चालु आवभर भएका कुल स्टिङ अपरेसनको एकतिहाइ संख्या हो।

घुस रकम लिइसकेको अवस्थामा अख्तियारको टोलीले उनीहरूलाई रंगेहात पक्राउ गरेको हो । विभिन्न बहानामा सेवाग्राहीलाई दुःख दिई घुस माग गर्ने प्रहरी, अदालतका कर्मचारीदेखि इन्जिनियरसम्मका ८ जनालाई अख्तियारले रंगेहात पक्राउ गरेको छ। पक्राउ परेका सबैमाथि थप अनुसन्धान भइरहेको छ।




**को-को कहिले पक्राउ परे ?**

नेपाल विद्युत प्राधिकरण कञ्चनपुर वितरण केन्द्र, सप्तरीका प्रमुख समेत रहेका इन्जिनियर महेन्द्रकुमार दास १ लाख ४० हजार रूपैयाँ घुससहित पक्राउ परेका छन्।

चार्जिङ स्टेसनका लागि ट्रान्सफर्मर राखेर लाइन जोडिदिने भन्दै दासले सेवाग्राहीसँग उक्त रकम लिएका थिए । उनलाई अख्तियारको टोलीले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ बाट चैत २३ गते रंगेहात पक्राउ गरेको थियो।

यस्तै, सघन सहरी तथा भवन निर्माण आयोजना, धनकुटाका तीनजना कर्मचारी ८५ हजार रूपैयाँ घुससहित पक्राउ परेका छन्। भोजपुरको एउटा विद्यालय भवन निर्माणको अन्तिम बिल भुक्तानी गरिदिएबापत उनीहरूले घुस लिएका थिए।

अख्तियारको टोलीले चैत २३ गते आयोजनाका इन्जिनियर सुमन राईलाई ललितपुरबाट पक्राउ गरेको थियो । सोही क्रममा लेखा अधिकृत इन्द्रबहादुर कार्कीलाई धनकुटाबाट र सब-इन्जिनियर रविन श्रेष्ठलाई भोजपुरबाट पक्राउ गरिएको थियो।

यही बीचमा सशस्त्र प्रहरी बल सुरक्षा बेस नक्टाझिज, धनुषाका सशस्त्र प्रहरी निरीक्षक वकिल अधिकारी ४० हजार रूपैयाँ घुससहित पक्राउ परेका छन्।

कमला-ढल्केवर-बागमती सडक निर्माणका क्रममा माटो र ग्राभेल भर्ने गाडीलाई रोकेर दुःख दिई उनले उक्त रकम असुलेका थिए। अख्तियारको टोलीले उनलाई गत चैत २० गते पक्राउ गरेको थियो।

रौतहट जिल्ला अदालत, गौरका डिठ्ठा लवकुमार सिंह ५० हजार रूपैयाँ घुससहित पक्राउ परे। अदालतको फैसलाबमोजिम जग्गाको दाखिला खारेज र फुकुवा गरिदिएबापत उनले घुस लिएका थिए। अख्तियारको टोलीले उनलाई गत चैत १७ गते पक्राउ गरेको थियो।

प्रहरी वृत्त मालीगाउँ, काठमाडौंका प्रहरी नायव निरीक्षक दिनेश राउत पनि २० हजार रूपैयाँ घुससहित यही बीचमा गहनापोखरीबाट पक्राउ परे।

बैंकिङ कसुरको मुद्दामा मिलापत्र गराउने र जाहेरवालाको रकम फिर्ता दिलाउन सहजीकरण गरिदिने भन्दै उनले उक्त रकम लिएका थिए। उनलाई अख्तियारको टोलीले चैत १७ गते पक्राउ गरेको थियो।

यसैगरी, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहलको अनुगमन तथा निरीक्षण शाखाका प्राविधिक सहायक सञ्जय चौधरी ३० हजार रूपैयाँ घुससहित विभागकै परिसरबाट पक्राउ परेका छन्। उद्योग नवीकरण गरिदिने भन्दै उनले सेवाग्राहीसँग घुस लिएका थिए । अख्तियारको टोलीले उनलाई चैत १६ गते रंगेहात पक्राउ गरेको थियो।

यी त बालेन सरकार बनेपछिका स्टिङ अपरेसन भए । चालु आर्थिक वर्षमा अख्तियारले १८ वटा स्टिङ अपरेसन

*- बाँकी पृष्ठ ३ मा*

## जुनसुकै छानबिनका लागि तयार छु : प्रचण्ड

काठमाडौं : नेपाली कम्युनिस्ट पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आफू कुनैपनि प्रकारको छानबिनका लागि तयार रहेको बताएका छन्। शनिबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले विगतका निर्णयहरूको जिम्मेवारी लिन आफू तयार रहेको स्पष्ट पारेका हुन् । आफूमाथि हुने सबै छानबिका लागि आफू तयार रहेको बताउँदै उनले आफ्नो कार्यकालमा भएका निर्णयहरू पारदर्शी रहेको र त्यसको सामना गर्न आफू डराउनु नपर्ने जिकिर पनि गरे। 'मैरै पालामा निर्णय गरेको हो भनेर मैले धेरै चोटी भनिसकेँ। तपाईंहरुले बुझ्नु हुन्न कि के हो ? सम्पूर्ण छानबिनका लागि म तयार छु,' प्रचण्डले भने।

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- **यौनजन्य हिंसा सामाजिक अपराध हो,**
- **बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,**
- **हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,**
- **अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं,**
- **बालबालिकाको चालचलन, बानी व्यहोरामा अस्वभाविक परिवर्तन आएको हुनस सक्छ,**
- **त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,**
- **बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सरकारको आर्थिक नाकाबन्दीविरूद्ध पत्रकार महासंघ आन्दोलित

द पब्लिक टुडे समाचारदाता

*गौशाला, चैत्र २८ गते ।*

नेपाल पत्रकार महासंघले सरकारी विज्ञापन निजी सञ्चारमाध्यमलाई नदिने निर्णयविरुद्ध संघीय संसद्मा प्रतिनिधित्व गर्ने दललाई ध्यानाकर्षण पत्र पठाएको छ । महासंघका महासचिव रामप्रसाद दाहालका अनुसार महासंघले शनिबार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने, संसदीय दलका नेता एवं प्रधानमन्त्री बालेन्द्र शाहलाई छुट्टाछुट्टै ध्यानाकर्षण पत्र पठाइएको छ।

यस्तै नेपाली कांग्रेस, नेकपा एमाले, नेपाल कम्युनिस्ट पार्टी, श्रम संस्कृति पार्टी राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेतालाई पनि ध्यानाकर्षण पत्र पठाएको महासचिव दाहालले जानकारी दिए । महासंघले सरकारको सो निर्णय प्रेस स्वतन्त्रताको सिद्धान्त, सूचनाको हक, खुला अर्थ नीति र संघीयताविपरीत रहेको भनेको छ । जसविरुद्ध संसद्मा आवाज उठाइदिन पनि महासंघले माग गरेको छ।

निर्णय खारेज गर्न माग गरे पनि सरकार गम्भीर नदेखिएकाले संघीय संसद्मा प्रतिनिधित्व गर्ने सबै दललाई यो विषय संसदमा गम्भीरतापूर्वक उठाउन ध्यानाकर्षण गरिएको महासंघका महासचिव दाहालले बताए।

पत्रमा सरकारको निर्णयले प्रेस स्वतन्त्रतामाथि अप्रत्यक्ष नियन्त्रणको जोखिम बढेको, निजी तथा सामुदायिक मिडियाको अस्तित्वमाथि प्रश्न उठेको, श्रमजीवी पत्रकारको रोजगारी संकटमा परेको, सूचनाको पहुँचमा असन्तुलन र केन्द्रीकरण भएको, खुला अर्थतन्त्र र प्रतिस्पर्धात्मक प्रणालीविपरीत रहेको भन्दै चिन्ता व्यक्त गरिएको छ।

दाहालका अनुसार सञ्चारमाध्यममा आर्थिक नाकाबन्दी कायम रहे महासंघले शनिबार र आईतबार भइरहेको केन्द्रीय समिति बैठकबाट आन्दोलनको घोषणा गर्ने तयारी गरेको छ।

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
- सन्त 'व्यथित'

## सम्पादकिय............

# नागरिकमुखी प्रशासनतर्फको अपरिहार्य कदम

नेपालको सार्वजनिक प्रशासन लामो समयदेखि सुधारको प्रतीक्षामा छ । कर्मचारीको आचरण, व्यवहार, नैतिकता तथा सुशासनसंग गाँसिएका उत्तरदायित्व र जवाफदेहिताका सवालहरु व्यवहारमा प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेनन्। दण्ड र पुरस्कार प्रणाली कागजमै सीमित रहँदा प्रशासनिक अनुशासन कमजोर बन्यो । अझ दलगत ट्रेड युनियनहरुको प्रभावले कर्मचारी संयन्त्रलाई विभिन्न स्वार्थ समूहमा विभाजन गऱ्यो, जसको प्रत्यक्ष असर नागरिक सेवामा पऱ्यो । सेवाग्राहीका वास्तविक समस्या ओझेलमा पर्दै गए, र राज्यप्रतिको भरोसा क्रमशः कमजोर हुँदै गयो । यस्तो सन्दर्भमा प्रस्तावित संघीय निजामती सेवा विधेयक एक महत्वपूर्ण अवसरका रुपमा आएको छ । विधिको शासन, योग्यता प्रणाली र नागरिक सेवालाई केन्द्रमा राख्ने प्रतिबद्धता आफैंमा सकारात्मक संकेत हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विधेयक निर्माणलाई प्राथमिकतामा राख्दै स्पष्ट कार्यतालिका तय गर्नु स्वागतयोग्य छ । समयसीमा निर्धारण गर्दै प्रारम्भिक मसौदा, सरोकारवालाको सुझाव संकलन र अन्तिम प्रस्ताव मन्त्रिपरिषद्मा पेश गर्ने तयारीले यसपटकक सुधार प्रक्रियामा गम्भीरता देखिएको छ ।

तर, विधेयक बनाउनु मात्र प्रर्याप्त हुँदैन, यसको प्रभावकारी कार्यान्वयन नै मूल कुरा हो । विगतमा पनि थुप्रै नीतिगत दस्तावेज बने तर कार्यान्वयनको अभावले अपेक्षित परिवर्तन ल्याउन सकेनन् । त्यसैले, प्रस्तावित विधेयकले राजनीतिक हस्तक्षेपबाट प्रशासनलाई मुक्त गर्दै निष्पक्ष, तटस्थ र पेशागत बनाउन सक्नुपर्छ । कर्मचारी, शिक्षक, प्राध्यापक लगायत सबै राष्ट्रसेवकलाई कुनै पनि दलगत आबद्धताबाट टाढा राख्ने व्यवस्था कडाइका साथ लागू गरिनु जरुरी छ । यससंगै, आचारसंहिताको अक्षरशः पालना सुनिश्चित गर्नु अर्को महत्वपूर्ण पक्ष हो । भ्रष्टाचार, ढिलासुस्ती र सेवाग्राहीप्रति असहज व्यवहार जस्ता प्रवृत्तिहरु अन्त्य नगरी प्रशासन सुधार सम्भव छैन । त्यसका लागि पारदर्शी मूल्याँकन प्रणाली, प्रभावकारी अनुगमन संयन्त्र र निष्पक्ष दण्ड-पुरस्कारको व्यवस्था अनिवार्य छ । राम्रो काम गर्ने कर्मचारीलाई प्रोत्साहन र गलत कार्यमा संलग्नलाई कठोर कारबाही गर्ने संस्कार बसाल्न सके मात्र प्रशासन उत्तरदायी बन्न सक्छ ।

सरकारले सार्वजनिक गरेको शासकीय सुधारका कार्यसूचीभित्र ४५ दिनमै विधेयक तर्जुमा गर्ने लक्ष्य महत्वाकाँक्षी भए पनि आवश्यक छ । यद्यपि, हतारमा भन्दा गुणस्तरमा ध्यान दिनु जरुरी छ । सरोकारवाला, विज्ञ र नागरिक समाजसंगको व्यापक परामर्शले मात्र विधेयकलाई व्यवहारिक र प्रभावकारी बनाउन सकिन्छ । अन्ततः नागरिकमुखी, पारदर्शी र जवाफदेही प्रशासन निर्माण गर्न यो विधेयक निर्णायक बन्न सक्छ । तर, यसको सफलता कागजमा होइन, व्यवहारमा देखिनुपर्छ । राजनीतिक इच्छाशक्ति, प्रशासनिक इमानदारी र नागरिक निगरानीको संयोजनले मात्र सुशासनको लक्ष्य हासिल हुन सक्छ । अबको आवश्यकता सुधारको प्रतिबद्धता मात्र होइन, त्यसको दृढ कार्यान्वयन हो ।

## राशिफल

मेष - काम बिग्रने डरले सताउनेछ ।
वृष - सम्झौता भंग हुन सक्छ ।
मिथुन - समय प्रतीक्षा गर्नुपर्ला ।
कर्कट - समय व्यतीत हुनेछ ।
सिंह - योजना स्थगन हुने देखिन्छ ।
कन्या - यात्राको प्रक्रिया अघि बढ्नेछ ।
तुला - फाइदा उठाउन सकिनेछ ।
वृश्चिक - हौसला जगाउनेछ ।
धनु - काम सुरु गर्न सकिनेछ ।
मकर - बन्धन कसिलो हुनेछ ।
कुम्भ - साथीभाइबाट सहयोग मिल्नेछ ।
मिन - उत्साह जगाउनेछ ।

# पोखरीभन्दा ठूला माछाहरूको आतंक



- संकेत कोइराला

संसद्को पहिलो बैठक बसेपछि राजा महेन्द्रले थप कामकारवाहीबारे छलफल गर्न सभामुख कृष्णप्रसाद भट्टराईको खोजी गरे । तर उनी न आवासमा भेटिए, न अफिसमा । आफन्त, साथीभाइसँग बुझ्न सैनिक दौडाए । कसैले भेटेको खुट खबर ल्याएनन् । राजा महेन्द्रलाई सभामुख नभेटिएको व्यहोरा जानकारी गराएपछि उनले हाँस्दै भनेछन्- 'मैले सुनेअनुसार नरदेवीतिर बाँला मयजुको भट्टीमा भेटिन्छन् । त्यहाँ गएर तुरुन्त दरबार लिएर आउनू ।' नभन्दै भट्टराई राजाले दिएको ठेगानामै लोकल ठर्रा खाइरहेको अवस्थामा फेला परे ।

अलिअलि रमरम लागेका भट्टराईले राजासँग भनेछन्- 'सरकार, म त शाहवंशका राजाको पुरोहितको वंशज हुँ । तर रक्सीमा जुन आनन्द छ, त्यो कतै छैन । रक्सी लागेपछि मान्छे, मान्छेबीच विषमता, भेदभाव रहँदैन ।' भट्टराईको संवाद सुनेपछि राजा महेन्द्र खुलेर हाँसे ।

चुनाव प्रचारमा हिँड्दा जर्किनमा रक्सी बोकेर हिँडेको भेद खुलेपछि 'रक्सी खाने बाहुन' भनेर भट्टराई संसदीय चुनावमा नराम्ररी पछारिए । पार्टीले दुई तिहाई ल्याउँदा संस्थापक नेता 'पानी' भन्न नपाउने अवस्थामा पुग्लान भनेर त्यतिबेला कसैले सोचेकै थिएन । जनताबाट अनुमोदन नभएका भट्टराई सभामुख बनाइए । संसदीय राजनीति बनाउने खेलकुद त्यहीँबाट आरम्भ भएको थियो ।

कालो चस्मा लगाउन रुचाउने राजा महेन्द्रको दृष्टि सफा थियो । हरेकलाई 'क्रसचेक' गर्थे । उनले राज्य संचालनमा पारिवारिक दख्खल रुचाएनन् । छोरालाई एक्लो भेटेनन् । आफू सुत्ने खोपीको बारेमा आफ्नै परिवारका सदस्यलाई जानकारी दिएनन् । माटोको सुगन्ध सबैले पाउन भन्नाका लागि ताप्लेजुङ, पाँचथर, इलामका जनजातिलाई सुदूरपश्चिमको महेन्द्रनगरमा बसोबासको प्रबन्ध मिलाए । मगर, गुरुङ चितवन, बटौली झारे । त्यही नीतिअनुसार मुसलमान पहाडमा विस्तार भए । अनागरिक भएर रहेका नेपाली मूलका बर्मेलीलाई देश फर्काएर मातृभूमिसँगको साइनो मजबुत गराए । कला, संस्कृति र साहित्यको विकास गर्न सीमापारीका अम्बर गुरुङ, लैनसिंह बाङदेललाई नेपाल भित्र्याए । अमेरिका पढ्दै गरेको जेनजी ठिटो भेषबहादुर थापालाई जन्मभूमिको सेवाका लागि आमन्त्रण गरेर प्रज्ञा र चेतनालाई यथोचित ठाउँ दिए । धनुषा, सर्लाहीका चोरी डकैती पेशा गरेका नागरिकलाई आवासको सुविधा दिलाएर राज्य सबैको संरक्षक भन्ने अनुभूति दिलाए । सीमावर्ती क्षेत्रमा तारबारको सट्टा मान्छे बस्ती बसाएर राष्ट्रियताको आधार खडा गरे ।

सन् १९६७ अमेरिका भ्रमण गर्दा राष्ट्रपति लिन्डन बेन्स जोन्सनसँगको भेटमा सहयोग लिने तर असंलग्न परराष्ट्र नीतिको सिद्धान्तमा तलमाथि नगर्ने अडान लिए । नेतृत्वको नियत र हिँड्ने बाटो सही छ भने पदले व्यक्तित्व नभएर व्यक्तित्वले पदको गरिमा बढाउने हो । खोटो सोचवाला लबेदा सुरुवालधारीभन्दा नियत सफा भएका कट्टुधारी धेरै बेस हुन्छन् ।

'राष्ट्रपिता' भनेर इतिहासको दस्तावेजमा फुर्क्याइएका राजा त्रिभुवन छोराभन्दा विपरित थिए । रसरंग उनको जीवनकै पहिलो र अन्तिम ध्येय थियो । पाँच वर्षको उमेरमा राजा भएका उनले ४३ वर्ष राजकाज सम्हाले । रणबहादुर, सुरेन्द्रविक्रम, त्रिभुवनलाई इतिहासकारले 'लम्पट' राजाका रुपमा व्याख्या गरेका छन् । मदिरा र सुरासुन्दरीका प्रिय त्रिभुवनका दरबारमै आधा दर्जन अनौपचारिक पत्नी थिए ।

राणाकालमै त्रिभुवनकी जेठी रानी कान्ति राज्यलक्ष्मीको मालिस गर्न दरबार छिरेकी युरोपेली नर्स एरिका लुखट्यागले आफ्नो पुस्तकमा भनेकी छन्- 'राजा त्रिभुवनले मदिरा र मलाई समान प्रेम गरे । खोपीमा उपलब्ध सुरा र सुन्दरी अनि काठमाडौंका 'भूमिगत' अखडाले नअघाएर उनी कामबासनाको अतृप्त प्यास मेटाउन कलकत्तासम्म धाउँथे । नाइट क्लब धाउने, जथाभावी रक्सी पिउने उनको बानी थियो ।'

राजषी ठाँटबाँट र पदीय ओज भुलेर त्रिभुवनले भारतमा लीला मच्चाएको प्रधानमन्त्री जवाहरलाल नेहरूले चित्त बुझाएनन् । बीपी दिल्ली गएका बखत नेहरुले गम्भीर आपत्ति जनाउँदै भनेछन्- 'तिम्रा राजा कलकत्ता आउँछन्, बम्बई जान्छन् । स्वास्नीमानिससँग, हलुका व्यापारीसँग, सिन्धीहरूसँग मेलजोल गर्छन्, त्यो राम्रो भएन । त्यसो हुनाले तिमीले त्यस सम्बन्धमा राजालाई सम्झाउनुपऱ्यो ।'

बीपी कोइरालाले त्रिभुवनको स्त्री र मदिरामोहबारे 'आत्मवृत्तान्त'मा उल्लेख गर्दै भनेका छन्- 'साम्राज्य शमशेरले आफ्नो घरमा दिएको पार्टीमा छोराहरू र बुहारीहरूकै अगाडि त्रिभुवन रक्सीले मातेर धुत भई आफ्ना लागि साम्राज्य शमशेरको घरमा स्थायी रूपमा बन्दोबस्त गरिएकी केटी च्यापेर एउटा कुनातिर पसेका थिए । बुहारीलाई असहज हुनेगरी युवतीसँग भड्किलो पारामा नृत्य गरेका थिए ।'

सत्ताको उन्माद अलग हुन्छ । त्यहाँ बसेर बोल्दा, निर्णय गर्दा हिजो, आज र भोलिको विवेक पुऱ्याउनु पर्छ । युरोप, अमेरिकामा फराकिला बाटा, यत्रतत्र खाली जमिन, जंगल, जल, इन्धन, नून बुद्धि नभएर भण्डार गरिएको होइन । बरु दशकौं पछि आउने सन्ततिको भविष्य सुरक्षित गरिएको हो । बालेन नेतृत्वको नयाँ सरकार आएपछि गरिएका केही निर्णयमा अलि आलाकाँचा खालको औडाहा देखिन्छ । पत्राचार, भाषणका निर्देशन, मन्त्रीको दौडाहा, प्रधानमन्त्रीको हतारो, धम्की राज्य संयन्त्रमा नचलेका मोहोर हुन् । घोडाको मुखका अघिल्तिर घाँस र दाना सँगसँगै प्रबन्ध गर्न नसक्ने हो भने सिर्कनो बोक्नेहरु अलि दिनपछि आफैं थन्किन्छन् । सय दिन नपुगी सरकारको आलोचना गर्न नहुने विश्वव्यापी मान्यता छ । यद्यपि वर्तमान सरकारका केही अपरिपक्व गतिविधि हेरौं । बजेट आउन डेढ महिना बाँकी छ । साढे चौध खर्ब रुपियाँ प्रदेश, सामाजिक सुरक्षा भत्ता, कर्मचारीको तलब र पेन्सनमा खर्च हुन्छ । अहिलेसम्म त्यसको आधा पनि राजश्व उठेको छैन । उल्टो पेट्रोलियमको कर विना होमवर्क आधा घटाइएको छ । भन्सार बिन्दुबाट अत्यावश्यक सामग्री बोकेर आउने साधन, जनता दैनिकी नै ठप्प हुने विषयमा निर्मम निर्णय गर्नु अलग हो । सामान्य अवस्थामै करमाथि खेल्नु उचित होइन । २० रुपियाँ जम्मा गर्ने हुति नभएको अवस्थामा दुई रुपियाँ राजश्व, देवश्व चलाउनु हुँदैन ।

सरकारले गर्ने असल निर्णयले बेथितिका बादल स्वत फाट्दै जाने हो । सुशासनका नाममा मान्छे पक्रने अभियान भनेको कुनै रुखमा एउटा मानिस झुण्डियो भनेर त्यसको निदान खोज्न सबै रुख मास्नुजस्तै हो । जनताले सरकारका फ्रन्ट डेस्क बुझाउने कागजात संसारको कुनै विज्ञले तयार गर्न सक्दैन । त्यसको पहिलो र अन्तिम विकल्प लेखापढी गर्ने मानिस नै हो । लेखापढी गर्ने मानिसलाई 'बिचौलिया' नभएर समन्वयकर्ता बनाइनु पर्छ । बरु राज्यले कुन कामका लागि कति शुल्क लिने, दिने त्यो तोकिदिनुपर्छ ।

भन्सार विभागले परीक्षा लिएर भन्सार एजेन्ट खटाउँछ । शेयरका ब्रोकर लाइसेन्स लिएर बसेका छन् । पुलिसका पूर्व उच्च अधिकारीका दर्जनौं गार्ड कम्पनी छन् । डान्सबारमा बाउन्सर छन् । पशुपतिका गेटमा सुरक्षाकर्मी छन् । आर्यघाटमा मानिस जलाउने वस्तुहरुको रेटसहित बजार छ । समाजमा मान्छे मार्ने, बचाउने, खरानी पार्ने तीनैथरिको सहअस्तित्व छ । विरामी नहुने, मान्छे नमर्ने हुँदैन । राज्यले कम गर्ने प्रयासको बाटो पक्रने हो ।

हातमा ट्याटु हानेका खाइलाग्दा सबै बदमास हुँदैनन् । झोला बोक्नेहरु बिचौलिया हुँदैनन् । धोती लगाउने सबै महात्मा गान्धी हुँदैनन् । ध्यान गर्ने सबैले गौतम बुद्धको उपमा पाउँदैनन । विदुर महाज्ञानी थिए, उनी राजा भएनन् । त्यसैले प्रकृति बदल्ने नभएर भइरहेकोमा सुगन्ध थप्ने हो । स्कुलले चैतमै विद्यार्थीको जाँच सकेका छन् । वैशाख १५ लाई शैक्षिक सत्रको साइत तोकेर अर्कातिर गिजोलेको छ । आधा महिना विद्यार्थीलाई कुन खुराकले अड्याउने ?

९ बजे सरकारी कार्यालय समय तोकेर हप्ता विदा दुई दिन गरिएको छ । तर आयल निगम तेलको संकट भएका बेला गाडी नचढ्न सचेत गराउँछ । सरकारका मानिसमा रातोदिन काम गर्ने हुटहुटी छ । तर सवारी साधनको इन्धन कटौती गरिन्छ । बरु देश बनाउने अभियानमा जति पनि खर्च गर्ने अभियान थालिनुपर्छ । नत्र त सिंहदरबारभित्रको एउटा मन्त्रालयले पठाएको पत्र हुलाकबाट एक हप्तापछि हात पर्ने पहिलाको

- बाँकी पृष्ठ ३ मा

# इस्लामाबादमा अमेरिका र इरानबिच ऐतिहासिक वार्ता सुरु

**इस्लामाबाद** : पाकिस्तानको राजधानी इस्लामाबादमा इरान र अमेरिकाका प्रतिनिधिमण्डलबिच शान्ति वार्ता सुरु भएको छ । पाकिस्तानी सरकारी अधिकारीहरूलाई उद्धृत गर्दै सञ्चारमाध्यमले जनाएअनुसार इस्लामाबादस्थित सेरेना होटलमा शनिबार दिउँसो ४ बजेदेखि वार्ता सुरु भएको हो ।



लामो समयदेखिको तनाव र द्वन्द्वलाई कम गर्ने उद्देश्यले सुरु भएको यो वार्तालाई अन्तर्राष्ट्रिय समुदायले निकै चासोका साथ हेरिरहेको छ । वार्ताका लागि इरानी प्रतिनिधिमण्डल शुक्रबार राति नै इस्लामाबाद पुगेको थियो भने अमेरिकी प्रतिनिधिमण्डल शनिबार बिहान त्यहाँ पुगेको हो । यो वार्ताको पहिलो चरण प्रत्यक्ष नभई मध्यस्थकर्तामार्फत भइरहेको छ । पाकिस्तानी अधिकारीहरूले दुई देशका प्रतिनिधिहरूबिच सन्देश आदानप्रदानको काम गरिरहेका छन् । सरकारी अधिकारीहरूले सुरुवातको कुराकानी सकारात्मक रहेमा र उपयुक्त वातावरण बनेमा अमेरिका र इरानका अधिकारीहरू एउटै टेबुलमा बसेर प्रत्यक्ष वार्ता गर्ने सम्भावना रहेको बताएका छन् । हाल दुवै पक्ष एउटै होटलमा रहे पनि उनीहरूबिच पाकिस्तानी कूटनीतिज्ञमार्फत मात्र संवाद भइरहेको छ ।

एकातिर वार्ता सुरु भइरहँदा अर्कोतिर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने यस द्वन्द्वमा इरान नराम्ररी पराजित भइरहेको दाबी गरेका छन् ।

आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म ट्रुथ सोसलमा लामो पोस्ट गर्दै ट्रम्पले मिडियाले इरानले जितिरहेको भनेर देखाउन खोजे पनि वास्तविकतामा इरानले निकै नराम्ररी हार बेहोरिरहेको दाबी गरे । एजेन्सी

# रणवीरको “धुरन्धर २” ले रच्यो इतिहास

**मुम्बई, चैत्र २८ गते ।**

बलिउड निर्देशक आदित्य धरले निर्देशन गरेको फिल्म धुरन्धरः द रिभेन्ज (धुरन्धर २) ले बक्स अफिसमा सुनामी ल्याएको छ । रणवीर सिंहको मुख्य भूमिका रहेको यस फिल्मको वर्ल्डवाइड ग्रस कलेक्सन १६८० करोड भारु पुगेको छ ।



भारतमा मात्रै फिल्मले १०८० करोड भारुको नेट कलेक्सनको आँकडा पार गरेर नयाँ इतिहास रचेको छ । रिलिजको पहिलो हप्तादेखि नै रेकर्ड बनाउन थालेको यस फिल्मले पहिलो ८ दिनमा ६९० करोड भारु कमाएको थियो । दर्शकको क्रेजकै कारण दोस्रो हप्तामा २७१ करोड र तेस्रो हप्तामा १२० करोड भारुको व्यापार गर्न फिल्म सफल भयो ।

बिदाको दिन मात्र नभई वर्किङ डेजमा पनि फिल्मको कमाइ स्थिर देखिएको छ । सोमबारदेखि बिहीबारसम्म फिल्मले दैनिक औसतमा १० करोड भारु कलेक्सन गरिरहेको छ ।

भारतमा मात्र नभई विदेशमा पनि फिल्मले उत्कृष्ट प्रदर्शन गरिरहेको छ । ओभरसिज मार्केटबाट फिल्मले हालसम्म ४०४ करोड भारु ग्रस कलेक्सन गरेको छ । यससँगै यो फिल्म भारतीय सिनेमाको इतिहासमै सबैभन्दा सफल ग्लोबल फिल्ममध्ये एक बनेको छ ।

त्यति मात्र होइन, धुरन्धर २ सन् २०२६ मा विश्वभर सबैभन्दा धेरै कमाइ गर्ने टप-१० फिल्मको सूचीमा समेत समावेश भएको छ । बक्स अफिस मोजोको रिपोर्ट अनुसार रणवीरको यो फिल्मले प्रोजेक्ट हेल मेरी, द सुपर मारियो ग्यालेक्सी मुभी र वुदरिङ हाइट्स जस्ता ठूला ग्लोबल फिल्मको एलीट सूचीमा आफ्नो स्थान बनाएको छ । चिनियाँ एनिमेटेड मुभी बुनी बियर्सः द हिडन प्रोटेक्टर (१३९ मिलियन डलर) लाई पछि पार्दै फिल्मले यो सफलता हात पारेको हो ।

कमाइको मामिलामा धुरन्धर २ ले हलिउडका कयौं ठूला स्टारका फिल्मलाई धुलो चटाएको छ । क्रिस हेम्सवर्थको फिल्म क्राइम १०१ ले रिलिजपछि ७२ मिलियन डलर कमाएको थियो, जुन धुरन्धरको तुलनामा निकै कम हो । त्यस्तै, रेचल म्याकएडम्सको सेन्ड हेल्प (९४ मिलियन डलर) र रिज अहमदको ह्यामलेट (७८ मिलियन डलर) लाई पनि यसले उछिनेको छ । जेन्डाया र रोबर्ट प्याटिन्सन जस्ता स्टारको फिल्म द ड्रामा ले जम्मा २६ मिलियन डलर कमाएको छ, जबकि धुरन्धर २ ले आफ्नो ओपनिङ विकेन्डमै ८० मिलियन डलर बटुलेको थियो ।

यसले आफ्नो पहिलो पार्ट धुरन्धरको लाइफटाइम ओभरसिज कलेक्सनको रेकर्ड जम्मा १० दिनमै तोडेको थियो । यो सबैभन्दा छिटो १००० करोड (वर्ल्डवाइड) कमाउने फिल्म बनेको छ । साथै, भारतमा १०० करोडदेखि १००० करोडसम्मका सबै माइलस्टोन सबैभन्दा कम समयमा पूरा गर्ने रेकर्ड पनि यसैले बनाएको छ । एजेन्सी

## बालेन सरकारपछि धमाधम ‘स्टिङ’...

गरिसकेको छ ।

अख्तियारले सबैभन्दा बढी स्टिङ असार मसान्तमा गर्ने गर्छ । सालतामामीका बेला योजनाको बिल भुक्तानी गर्दा प्रायः जसो विकासे अड्डाहरूमा घुस लिने मौसम हुने हुनाले अख्तियारले बढीजसो स्टिङ असार महिनामा नै गर्ने गर्छ ।

तर, अहिले जनतामा चेतना बढेसँगै उजुरी पनि दिन थालेपछि अख्तियारले स्टिङको संख्या बढाएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपाने भने आयोगको नियमित काम अनुरूप नै उजुरीका आधारमा स्टिङ अपरेसन गर्ने गरिएको बताउँछन् ।

२०७८ सालसम्म अख्तियारले ‘अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९’को नियम ३० लाई टेकेर स्टिङ अपरेसन गर्थ्यो ।

अख्तियारले सोही नियमलाई टेकेर सेवाग्राहीलाई राज्यको पैसा दिएर घुस लिने कर्मचारीलाई रंगेहात पक्राउ गर्ने गर्दथ्यो ।

२०७८ वैशाख ८ मा सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा, न्यायाधीशहरू दीपककुमार कार्की, मीरा खड्का, हरिकृष्ण कार्की र ईश्वरप्रसाद खतिवडासहितको संवैधानिक इजलासले उक्त नियम ३० लाई खारेज गर्दै स्टिङ अपरेसनमा रोक लगायो ।

सर्वोच्च अदालतको मुख्य ठहर के थियो भने, राज्यको काम अपराध अनुसन्धान गर्ने हो, अपराध सिर्जना गर्ने (उक्साउने) होइन ।

सेवाग्राहीलाई पैसा दिएर घुस दिन पठाउनु भनेको राज्यले नै व्यक्तिलाई अपराध गर्न उक्साउनु हो, जुन फौजदारी न्यायको सिद्धान्तविपरीत हो ।

अख्तियार आफैंले पैसा दिने, आफैंले पक्राउ गर्ने र आफैंले मुद्दा चलाउने कार्यले आरोपितको ‘स्वच्छ सुनुवाइ’को संवैधानिक अधिकार हनन् भएको अदालतले ठहर गऱ्यो ।

यस्तो गम्भीर फौजदारी विषय संसद्ले बनाएको ‘ऐन’मा हुनुपर्नेमा अख्तियार आफैंले बनाएको ‘नियमावली’को (नियम ३०) मा मात्र राखिएको थियो । मौलिक हकमा असर पर्ने व्यवस्था नियमावलीबाट गर्न नमिल्ने अदालतको व्याख्या थियो ।

सर्वोच्च अदालतको उक्त फैसलापछि झन्डै ४ सयजना स्टिङ अपरेसनका प्रतिवादीहरूले सफाइ पाए । सर्वोच्चको उक्त फैसलापछि पनि अख्तियारले स्टिङ अपरेसनलाई निरन्तरता दियो, तर विधि भने फरक थियो ।

कुनै कर्मचारीले घुस माग्दा पहिले अख्तियारले सेवाग्राहीलाई रकम उपलब्ध गराउँथ्यो भने पछि अख्तियारमा उजुरी दिँदा सेवाग्राहीले कर्मचारीलाई आफ्नै पैसा दिनुपर्थ्यो ।

कर्मचारीलाई घुस रकम दिनुअघि सेवाग्राहीले अख्तियारमा उजुरी गर्न जाँदै पैसाको नोट नम्बर टिपाउने, त्यस पैसामा केमिकल चिह्न लगाउनेजस्ता काम गर्ने गरिएको थियो ।

पैसा लिँदा हात रातो हुने प्रमाणका लागि उक्त केमिकल प्रयोग गर्ने गरिन्थ्यो ।

तर, पछि सेवाग्राहीले आफ्नै पैसा घुसबापत दिनुपर्दा सेवाग्राहीले त्यसलाई त्यति सहज लिएनन् ।

घुसहित पक्राउ परेको कर्मचारीमाथि मुद्दा चलिसकेपछि वा अनुसन्धानको क्रममा, सेवाग्राहीले घुसबापत दिएको आफ्नो रकम अदालत वा अख्तियारको प्रक्रिया पूरा गरी फिर्ता पाउने हो वा होइन भन्ने अन्यौलताका कारण सेवाग्राहीले उजुरी नै दिन छाडे ।

परिणामस्वरूप २०७८ सालअघि बढी संख्यामा हुने गरेको स्टिङ अपरेसन अत्यन्त न्यून संख्यामा सीमित भयो । विगत केही वर्षको तथ्यांक हेर्दा पनि त्यो कुरा पुष्टि हुन्छ ।

अख्तियारले आर्थिक वर्ष २०७४/७५ मा ३६ वटा स्टिङ अपरेसन गरेको थियो । आर्थिक वर्ष २०७५/७६ मा १३२ वटा, आर्थिक वर्ष २०७६/७७ मा १७० वटा, आर्थिक वर्ष २०७७/७८ मा ६४ वटा स्टिङ अपरेसन गरेको थियो ।

तर, २०७८ सालको सर्वोच्चको उक्त फैसलापछि स्टिङ अपरेसनको संख्या ह्वातै घट्यो ।

आर्थिक वर्ष २०७८/७९ मा २५ वटा स्टिङ अपरेसन गरिएको थियो भने आर्थिक वर्ष २०७९/८० मा ३७ वटा, आर्थिक वर्ष २०८०/८१ मा ३२ वटा र आर्थिक वर्ष २०८१/८२ मा २१ वटा स्टिङ अपरेसन अख्तियारले गरेको थियो ।

तर, २०८१ चैत ३ गते भ्रष्टाचार निवारण ऐन, २०५९ संशोधन भएपछि अख्तियारले पुनः उजुरीकर्ता सेवाग्राहीलाई आवश्यक परेको पैसा उपलब्ध गराउन थालेको अख्तियारका प्रवक्ता न्यौपाने बताउँछन् ।

उजुरीकर्ताले १०७ नम्बरमा फोन गरेर टिपाएपछि अख्तियारको टोलीले त्यसलाई उजुरीको रूपमा लिने गरेको छ ।

सोही फोन नम्बरमा कुनै पनि सेवाग्राही वा उजुरीकर्ताले घुस मागेको भन्ने खबर दिएपछि अख्तियारले उक्त सेवाग्राहीसँग सम्पर्क गरेर घुस माग्ने कर्मचारीलाई रंगेहात पक्राउ गर्ने गरेको छ ।

अख्तियारले घुस माग्ने कर्मचारीलाई दिने रकमको नोटको सिरियल नम्बर पहिल्यै राखेको हुन्छ र सोही रकम सेवाग्राहीमार्फत दिन लगाएर स्टिङ अपरेसनमार्फत रंगेहात पक्राउ गर्ने गरेको छ ।

अदालतमा घुस लिएको स्थापित गर्नका लागि उक्त रकमको नोट सिरियल र उजुरीसँगै स्टिङ अपरेसन गर्दाका अवस्थामा बुझेका साक्षीहरूको बयान कागजलाई प्रमाणको रूपमा पेश गर्ने गरिन्छ ।

अख्तियारको स्टिङ अपरेसनमा बढीजसो प्रहरी कर्मचारी नै परिचालित हुने गरेका छन् ।

इन्टेलिजेन्समा काम गरेको, फिल्डमा जस्तोसुकै अवस्था आउन सक्ने हुनाले परिस्थितिलाई तत्काल नियन्त्रणमा लिन तालिमप्राप्त प्रहरी कर्मचारी पर्फेक्ट हुने हुनाले बढी संख्यामा प्रहरी नै परिचालित हुने गरेका हुन् ।

सबै स्टिङ सफल नै हुन्छन् भन्ने पनि छैन । कतिपय अवस्थामा अख्तियारको अपरेसन असफल पनि हुने गरेका छन् । लोकान्तर

## पोखरीभन्दा ठूला माछाहरूको...

शैली कायमै रहने निश्चित छ ।

मानिस खुसी भयो भने बेहिसाब काम गर्छ । त्यसका लागि सम्मान र माया अपरिहार्य छ । प्रकृतिको नियममा दिएपछि मात्रै लिने बाटो सहज बन्छ । दिने खोला सधैं कञ्चन छ । लिने समुद्र भोको छ । सन्तुष्ट भएपछि गाईले बाल्टीभरि दूध दिन्छ । सूर्यले न्यानो प्रकाश दिएपछि हिउँ पग्लिएर पानी बन्ने हो । पहरो रसाएपछि मूल फुट्ने हो ।

मासुको एउटा टुक्रो मिल्काइदिनुस् अबोध कुकुरले तपाईंको अनुहार महिनौं स्मरणमा राख्छ । प्रकृतिको सर्वाधिक सारो ढुंगा, नरम पानी । वर्षौंको घर्षणले त्यही नरम पानीले ढुंगो खियाएर चिल्लो बनाएरै छोड्छ । पत्याउनुहुन्छ- यो विराट धरामा मानिसको भन्दा कमिलाको तौल बढी छ।

कर्मको फल मानिसमा मात्र सीमित छैन । भगवानमा पनि त्यही नियम लागू हुन्छ । महाभारतको युद्ध समाप्त भएपछि गान्धारीले आफ्ना सयवटा छोराको शव देखिन । रुँदै आक्रोशित मुद्रामा कृष्णलाई सोधिन- ‘मेरा सय पुत्र मारिए । के मेरो त्याग व्यर्थ थियो ?’ कृष्णले शान्त भावमा उत्तर दिए- ‘माता ! तपाईंले पट्टी आफ्नो पतिका लागि नभएर सन्तानको अपराध खातिर पनि बाँध्नुभयो । जब आफ्नोको गल्तीका लागि आँखामा पर्दा राखिन्छ भने बर्बादी कसैले रोक्दैन’ । गान्धारीको श्रापकै कारण भगवान श्रीकृष्णले व्याधाको निसानामा परेर प्राण त्याग्नुपरेको मत एकतर्फीको छ ।

राज्य संयन्त्रको प्राधिकार बोकेकाले गर्नुपर्ने के हो ? इतिहासमै उल्लेख छ । बीसको दशकमा अतिवृष्टि भएर बागमतीमा ठूलो बाढी आएछ । विमानस्थल, ललितपुर, भक्तपुर जोड्ने बाटोमै समस्या आएपछि राजा महेन्द्र निरीक्षणमा पुगेछन् । त्यहाँ पुग्दा प्रमुख तालुकदार बागमती अञ्चलाधीश विष्णुमणि आचार्य सरदारबाजेलाई नदेखेपछि राजा खिन्न भएछन् । एकछिनपछि तिनै सरदारबाजे एक लहरी रित्ता बोरा लिएर कताकताबाट टुप्लुक्क देखा परेछन् । राजाको सोधनीपछि उनले बिन्ती बिसाएछन्- ‘हात र आँखाले बाढी रोकिन्न भनी बोरा खोज्न गएँ । अब बोरामा बालुवा भरेर पुल जोगाउनतिर लाग्छौं सरकार ।’ साइरन हैन, यो खाले एक्सन अहिलेको खाँचो हो ।

“स्वस्थ दाँत, उज्यालो मुस्कान”का लागि एकमात्र स्थान

खर्गा दन्त उपचार केन्द्र प्रा.लि.

बर्दिवास–१ सिन्धुली रोड, महोत्तरी
९८४४३१२२४६
(लुम्बिनी हार्डवेयरसँग टाँसिएको घरको माथिल्लो तल्लामा)

डा. गंगाराम खर्गा
वरिष्ठ डेन्टल सर्जन
BDS(Bangladesh), PGD(Japan), MPH(USA, Dhaka)

डाक्टर भेटने समय : प्रत्येक दिन बिहान ९ बजेदेखि साँझ ५ बजेसम्म



**हामी कहाँ** आधुनिक जापनीज मेसिनबाट दाँत सफा गर्ने, नदुखाईकन दाँत निकाल्ने, किराले खाएको, भाँचिएको, खिएको दाँतमा उपयुक्त स्थायी/अस्थायी सिमेन्ट, सिसा र चाँदी भर्ने, दाँतको खोल(Crown) तथा सुनको खोल बनाउने, बाङ्गो टेडो, नमिलेको, खप्टिएको र छिचारु भएको दाँतलाई तार लगाएर (Ortho) मिलाइने, मुखभित्र घाउ, खटिरा आउने, गिजा सुनिने, रगत आईरहने, मुख गन्हाउने र दन्त हर्षा जस्ता रोगको उपचार गरिनुका साथै दाँत जराबाट(RCT) भर्ने, दाँतको एक्सरे गरिने ।

# 'आइतबार "ओपिडी" संचालन गर्न सकिंदैन'

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र २८ गते ।*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आइतबार पनि बहिरङ्ग (ओपीडी) सेवा सञ्चालन गर्न निर्देशन दिएपछि नेपाल चिकित्सक संघले गम्भीर ध्यानाकर्षण भएको बताउँदै सो निर्णयमा पुनर्विचार गर्न माग गरेको छ ।

सरकारले शनिबार र आइतबार दुई दिन बिदा गर्ने व्यवस्था लागू गरेपछि स्वास्थ्य सेवा प्रभावित नबनोस् भन्ने उद्देश्यले स्वास्थ्य मन्त्रालयले अस्पतालहरुलाई आइतबार पनि बहिरङ्ग सेवा सञ्चालन गर्न आग्रह गरेको थियो । अस्पतालहरूलाई आफ्नो कार्यभार हेरी बहिरङ्ग सेवा संचालन गर्न र सट्टा बिदा मिलाएर भए पनि सेवा प्रवाह गर्न मन्त्रालयले निर्देशन दिएको थियो ।

सो निर्देशन प्राप्त भएपछि संघले विज्ञप्ती जारी गर्दै पर्याप्त जनशक्ति अभाव र बढ्दो कार्यभारका कारण उक्त निर्देशन कार्यान्वयन गर्न कठिनाइ हुने भएकाले आइतबार बहिरङ्ग सेवा संचालन गर्न सम्भव नभएको जनाएको हो ।

चिकित्सक तथा स्वास्थ्यकर्मीले ९-५ बाहेक 'अनकल', 'राउन्ड' तथा आकस्मिकलगायत २४सै घण्टा सेवा प्रदान गरिरहेको अवस्थामा उक्त समय गणना नहुनु अन्यायपूर्ण रहेको संघले जनाएको छ । पर्याप्त जनशक्ति व्यवस्थापन नभएसम्म मन्त्रालयको उक्त निर्देशन कार्यान्वयन गर्न नसकिने संघको ठहर छ ।

यसैबीच विभिन्न अस्पताल तथा प्रतिष्ठानले फरक फरक सूचना जारी गरेका छन् । त्रिवि शिक्षण अस्पताल, मनमोहन कार्डियो थोरासिक भास्कुलर तथा ट्रान्सप्लान्ट सेन्टर, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायतले आकस्मिकबाहेक आइतबार बहिरङ्ग सेवा पूर्ण रुपमा बन्द गर्ने निर्णय गरेका छन् ।

उता राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, वीर अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, भरतपुर अस्पतालले भने आइतबार पनि सेवा संचालन गर्ने जनाएका छन् । संघले विभिन्न स्वास्थ्य संस्थामा फरक फरक दिन बिदा दिँदा अस्पतालहरुले दिने बिदामा एकरुपता नहुने र स्वास्थ्य सेवा लिने बिरामीहरु अन्योलमा पर्ने भएकाले स्वास्थ्य सेवा प्रवाहमा गम्भीर असर पुग्ने जनाएको छ ।

संघले ज्यादै न्यून सेवा सुविधा दिइ जबरजस्ती सेवामा खटाउने परिपाटी अन्त्य नभए चिकित्सक तथा स्वास्थ्यकर्मी संघर्षमा उत्रिन बाध्य हुने भन्दै चेतावनी दिएको छ ।

# 'देशको आर्थिक विकासका निम्ति निजी क्षेत्रलाई समेट्नुपर्छ'

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र २८ गते ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसदहरुले सामाजिक न्यायसहित मुलुकको समग्र आर्थिक विकासको निम्ति सरकारले निजी क्षेत्रलाई सँगसँगै लिएर जानुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रिय उद्यम विकास सहजकर्ता महासङ्घ नेपालको तेस्रो राष्ट्रिय महाधिवेशनको अवसरमा शनिवारकाठमाडौंमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै सांसदहरुले निजी क्षेत्रको पुँजीलाई बलियो बनाउन सकेको खण्डमा मात्रै देशले आर्थिक विकासको गति लिनुपर्नेमा जोड दिएका हुन् ।

रास्वपाका सांसद मनिष झाले सरकारले निजी क्षेत्रबाट संचालित साना लगानीका उद्यमलाई प्राथमिकताका साथ अघि बढाउने विश्वास व्यक्त गरे । उनले भने, "निजी क्षेत्रको पुँजी र उद्यमशीलतालाई बलियो बनाउन सक्दा मात्रै मुलुकको अर्थतन्त्र बलियो हुन सक्छ, देशको अर्थतन्त्रको आधार भनेकै निजी क्षेत्र हो, त्यसैले सरकारले पनि निजी क्षेत्रको पुँजी बलियो बनाउनेतर्फ बढी जोड गर्नुपर्छ ।"

रास्वपाका अर्का सांसद सुशान्त वैदिकले सरकारले उद्यमशीलताको विषयलाई प्राथमिकता दिएको बताए । सरकारले जारी गरेको १०० कार्ययोजनामा उद्यमशीलतालाई जोड दिएको उनको भनाइ छ ।

उनले भने, "गाउँघरमा संचालन गरिएका साना लघु उद्यमको देशतन्त्र उकास्न सबैभन्दा ठूलो भूमिका खलेको हुन्छ, त्यसैले देशको आर्थिक रुपान्तरण गर्न देशमा सामाजिक न्यायसहितको आर्थिक उन्नति हासिल गर्न गाउँगाउँकका साना तथा मझौला उद्योगको विकासमा जोड दिनुपर्छ ।"

# कम्युनिष्ट आन्दोलनलाई पुनःगठित गरेर अगाडि बढ्छौँः महासचिव पोखरेल

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र २८ गते ।*

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले कम्युनिष्ट आन्दोलनलाई पुनःजागृत र पुर्नगठित गरेर अगाडि बढ्ने बताएको छ ।

पार्टी केन्द्रीय कार्यालय, च्यासल ललितपुरमा सम्पर्क विशेष सङ्गठन कमिटीले शनिवार आयोजना गरेको कार्यक्रममा उनले जनताको बहुदलीय जनवादका माध्यमबाट आजका चुनौती सामाना गर्दै अगाडि बढ्ने बताए ।

महासचिव पोखरेलले भने, "हालको निराशालाई सङ्कल्पमा बदल्ने छौँ र सङ्कल्पलाई आशामा बदल्ने छौ । सत्ता र केन्द्रमुखी भएर जनताबीचमा पुग्न नसक्दा कम्युनिष्ट आन्दोलन पछाडि परेकाले अबको पाँच वर्ष प्रतिपक्षमा रहेर जनतासँग जोडिने छौँ ।"

उनले यसपटक पार्टीको पराजय भए पनि अब मुलुकको बलियो र निर्णायक शक्तिका रूपमा स्थापित गर्ने गरी काम गर्नुपर्नेमा जोड दिए । "वि.सं. २०६४ को संविधानसभामा यस्तै प्रकारको पराजय भोगेका थियौँ । यसपटक पनि त्यस्तै अवस्था आयो, तर यो पराजयबाट निराश नभई शक्ति सञ्चय गर्दै फेरि आउने चुनावमा यो अवस्था बदल्छौँ", महासचिव पोखरेलको भनाइ थियो ।

पार्टी सचिव पद्मा अर्यालले फेरि जनतासँग जोडेर पार्टीलाई माथि उठाइने बताईन् । सम्पर्क विशेष सङ्गठन कमिटीका अध्यक्ष अशोक ठकुरीले पार्टीलाई फेरि एकीकृत गरेर लैजान विशेष भूमिका निर्बाह गरिने बताए ।

# अस्पताल सेवा सुधार कार्यविधि जारी

राष्ट्रिय समाचार समिति

*काठमाडौं, चैत्र २८ गते ।*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले 'अस्पताल सेवा सुधार कार्यविधि २०८२' जारी गरेको छ ।

अस्पतालको सेवालाई जनमैत्री, पहुँचयोग्य प्रभावकारी बनाउन कार्यविधि जारी गरिएको हो । मन्त्रालयका सहप्रवक्ता डा समीर अधिकारीका अनुसार स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य सेवा ऐन, २०७५ अनुरुप कार्यविधि जारी गरेको हो ।

कार्यविधिअनुसार अस्पतालले प्रत्येक नागरिकलाई गुणस्तरीय सेवा सहज रुपमा उपलब्ध गराउनुपर्ने छ । बिरामीको उपचार अभिलेख र 'फलोअप' व्यवस्थित गर्न एकीकृत विद्युतीय अभिलेख प्रणालीको विकास, प्रयोगशाला प्रतिवेदन २४ सै घण्टा उपलब्ध गराउने, अस्पतालको फार्मेसीमा पाइने औषधि मात्र चिकित्सकले सिफारिस गर्नुपर्ने छ ।

यसैगरी, बिरामीलाई 'रिफर' गर्नुपर्ने भएमा 'रिफर स्लिप'सहित सरकारी अस्पतालमा पठाउनुपर्ने, अस्पतालमा दैनिक आवश्यक पर्ने औषधि फार्मेसीमा मौज्दात हुनुपर्ने, कार्यालय समयभित्र र सेवा प्रवाहका बेला औषधि बिक्री प्रवर्द्धक (एमआर)लाई प्रवेश दिन पाइने छैन ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

श्री त्रिभुवन नमुना माध्यमिक विद्यालय
गौशाला, महोतरीको

शैक्षिक सत्र २०८३का लागि Diploma in Civil Engineering (9-12)

संकाय अध्ययन गर्न ईच्छुक छात्र छात्रहरूलाई फारम भर्नाको लागि आह्वान गरिन्छ ।

हाम्रो विशेषताहरू
१. अनुशासित वातावरणमा दक्ष शिक्षक/प्रशिक्षकद्वारा अध्यापन गराईने ।
२. सुविधा सम्पन्न प्रयोगशालाको छुट्टा छुट्टै विषयको व्यवस्था भएको ।
३. प्रत्येक कक्षामा र विद्यालयको हरेक ठाउँमा CC TV क्यामराको निगरानीमा अध्यापन साथै विद्यार्थीको रेखदेख निगरानी गरिने ।
४. Civil Engineering मा अध्ययन छात्र/छात्राहरूका लागि परीक्षण सम्बन्धी प्रयोगशालाको व्यवस्था ।
५. प्रत्येक कक्षामा वर्ग विभाजनको (Section) व्यवस्था।
६. स्मार्ट बोर्डको प्रयोग गरि अध्यापन गराईने ।

हाम्रो कार्यक्रम
१. फारम वितरण २०८२ १२ २० गतेदेखि २०८३ ०१ ०४ सम्म ।
२. Orientation Class २०८३ ०१ ०२ गतेदेखी ०५ गते सम्म
३. प्रवेश परीक्षा २०८३ ०१ ०६ गते ।
४. भर्ना सुरु २०८३ ०१ ०७ गतेबाट
५. कक्षा संचालन २०८३ ०१ १३ गतेबाट..............
६. सम्पर्क स्थान श्री त्रि.न.मा.वि. को कार्यालय
७. समय बिहान ७ ०० बजेदेखि ११ ०० बजे सम्म ।
८. फारम र प्रवेश परीक्षा दस्तुर रु १००/ ।




भवदिय: श्री त्रिभुवन नमूना माध्यमिक वि. परिवार
गौशाला-५, महोत्तरी

प्र.अ. विनोद महतो
Mo. 9814800989
Co-ordinator:-
Er. Pappu Kr. Roushan
Mo:-9801674850

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री